# कृषि उत्पादन प्रोत्साहन सम्बन्धी कार्यविधि २०७९

प्रस्तावना :

माङसेबुङ गाउँपालिकाको कुल जनसंख्याको ९० प्रतिशतभन्दा बढी जनसङ्ख्याको मुख्य पेशा कृषि रहेको छ । कृषि पेशालाई व्यवसायिक र उन्नत प्रविधिमैत्री गरी निर्यातमुखी बनाउन नसकेमा माङसेबुङको विकास प्रायः असम्भव रहेको छ । माङसेबुङ गाउँपालिकाको युवा शक्ती दैनिक रुपमा विभिन्न देशमा वैदेशिक रोजगारीका लागि पलायन भइरहेका छन् भने बाँकी सक्रिय काम गर्न सक्ने जनसंख्या सम्भावना तथा रोजगारीको खोजी गर्न झापा, मोरङ, सुनसरी तथा काठमाण्डौंतिर पलायन हुने क्रम बढ्दो रहेको छ । यसकारण माङसेबुङ गाउँपलिकाको जनसङ्ख्या घट्दो क्रममा रहेको छ । यही क्रम रहिरहेमा माङसेबुङमा उत्पादन हुने वस्तुको कमी हुने र जमिनहरु बाँझो रहने संभावना बढेर जाने छ ।

वर्तमान अवस्थालाई मध्यनजर गर्दै माङसेबुङ गाँउपालिकामा कृषि तथा पशुपालन विकास गरी कृषिमा आत्मनिर्भर गर्ने कामका लागि पलायन हुने जनशक्तिलाई कृषि पेशातर्फ उत्प्रेरित गराई आथिक विकास तथा रोजगारी सिर्जना गर्ने नीति गाउँपालिकाले लिएको छ । यही अवस्थालाई दृष्टिगत गरी कृषि उत्पादन बढाउन, कृषि कार्यमा उत्प्रेरणा बढाउन कृषकहरुलाई उत्पादनका आधारमा अनुदान प्रोत्सान गर्ने उद्देश्य आ. व. २०७९/८० को नीति तथा कार्यक्रम बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिइएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस कार्यविधिको नाम 'कृषि उत्पादन प्रोत्साहन सम्बन्धी कार्यविधि २०७९' रहेको छ ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२.परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) 'कार्यविधि' भन्नाले 'कृषि उत्पादन प्रोत्साहन सम्बन्धी कार्यविधि २०७९' भन्ने बुझ्नु पर्दछ ।

ख) 'कार्यपालिका' भन्नाले माङसेबुङ गाउँपालिकाको गाउँ कार्यपालिका बुझ्नुपर्दछ ।

ग) 'कृषक' भन्नाले यस गाउँपालिका क्षेत्रभित्र आफ्नो वा अन्य व्यक्तिको जग्गामा खेती किसानी गरी कृषिजन्य उत्पादन तथा पशुपालन गर्ने व्यक्तिहरु बुझ्नु पर्दछ ।

घ) 'समिति' भन्नाले यस गाउँपालिकामा गठित विभिन्न समिति तथा यस कार्यविधिमा उल्लेखित समितिहरु बुझ्नुपर्दछ ।

ङ) 'परिवार' भन्नाले एकाघरको वंशज छोराछोरी विवाह भई नछुट्टिएको एउटै खेतीमा आश्रित हुने परिवार बुझ्नु पर्दछ ।

३. उद्देश्य : यो कार्यविधिका उदेश्यहरु देहाय बमोजिम हुनेछ ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

क) माङसेबुङ गाउँपालिका अन्तर्गत ६ वटा वडाका खेतीयोग्य जमिनहरुको उपयोगबाट कृषिजन्य वस्तु उत्पादनमा वृद्धि गर्ने ।

ख) खाद्यन्न उत्पादन बढाई खाद्यन्न आपूर्तिको सुनिश्चितता गर्ने ।

ग) कृषि पेशालाई व्यावसायिक तथा आयआर्जनमूलक बनाउने ।

घ) कृषि पेशालाई सम्मानित पेशामा रुपान्तरण गर्ने ।

ङ) कृषकहरुको कृषि पेशाप्रति आकर्षित गर्ने ।

च) भावी दिनहरुमा खाद्यन्न संकट हुन नदिने अवस्था सिर्जना गर्ने ।

छ) रोजगारीको अवसर सिर्जना गर्ने ।

ज) कृषिजन्य उत्पादनको आयातलाई न्यूनीकरण गरी निर्यातमुखी बनाउने ।

झ) व्यावसायिक कृषकहरुलाई बीउबिजन मल तथा कृषि उत्पादनसँग सम्बन्धित औजारमा अनुदान प्रविधियुक्त कृषि व्यवसायमा उन्मुख गराउने ।

ञ) नगदेबाली तथा पशुजन्य उत्पादन क्षेत्रमा कृषक प्रोत्साहानमुखी कार्यक्रम सञ्चालन गर्ने ।

ट) कृषिजन्य उत्पादनहरुको बजार प्रबन्ध, प्रवर्द्धन तथा व्यावस्थापन गर्ने ।

ठ) उत्पादित कृषि उपजहरुको भण्डारण संरक्षण तथा प्रशोधनको लागि व्यावस्था मिलाउन कृषकहरुलाई प्रेरित गर्ने ।

४. सीमा: यो गाउँपालिकामा आर्थिक वर्ष २०७९।०८० बाट लागू भई अर्को व्यवस्था नहुन्जेलसम्मका लागि मान्य हुनेछ ।

५. पुरस्कारको मापदण्ड तथा राशि :

५.१ यस कार्यविधि अनुसार तपशीलमा उल्लेखित कृषिजन्य उत्पादन गर्ने परिवारले तपशीलमा उल्लेख भए बमोजिम पुरस्कार तथा प्रोत्साहन स्वरुप नगद प्रदान गरिनेछ ।

| क्र. सं. | खाद्यन्नको विवरण | उत्पादन परिमाण | पुरस्कार राशि | पुरस्कार विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | दूध | दैनिक २० लि. वा सोभन्दा माथि | प्रति लि. रू .२ | प्रत्येक महिना | |
| २ | दाल | १०० के. जी. वा सोभन्दा माथि | प्रति के. जी. रु. २० | आ. व.२०७९-०८० | एक सिजनको |
| ३ | स्कुस | २० झ्याङ वा सोभन्दा माथि (कम्तीमा ३/३ मि. फरकमा रोपेको हुनुपर्ने) | प्रति झ्याङ रु.१००० | आ. व.२०७९-०८० | (एक सिजनको) |
| ४ | मालि बाँस | २५ झ्याङ वा सोभन्दा माथि (१०-१० फिटको फरकमा हुनुपर्ने | प्रति झ्याङ रु. १०० | आ.व.२०७९-०८० | |
| ५ | केरा | ५० झ्याङ वा सोभन्दा माथि ३/२ मि. फरकमा रोपेको हुनुपर्ने | प्रति झ्याङ रु.१०० | | |
| ६ | कफि | | प्रति के.जी. रु. २० | | प्रति बोट औषत उत्पादनलाई |

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आधार मानी उपलब्ध गराउने |

५.२ : उपदफा ५.१ मा जुनसुकै कुरा लेखिएता पनि समय सापेक्ष अन्य कृषि उत्पादनलाई पनि पुरस्कृत तथा प्रोत्साहन गर्दै लगिनेछ ।

६. पुरस्कार प्राप्त गर्न योग्य कृषक छनौटका मापदण्डहरु :

(क) पुरस्कारको मापदण्डमा तोकिएको उत्पादन एक सङ्गोल परिवारले गरेको हुनुपर्ने छ ।
(ख) जग्गा आफ्नो वा अरु कसैको नाममा दर्ता भएको भए पनि फरक पर्ने छैन ।
(ग) कामदर राखी उत्पादन गरेको हुन नहुने तर समय समयमा खेताला लगाएको भए बाधा नपर्ने ।
(घ) कृषक माङसेबुङ गाँउपालिकाको स्थायी बासिन्दा हुनुपर्ने वा उत्पादन माङसेबुङ गाँउपालिकाभित्र गरेको हुनु पर्ने ।
(ङ) एक परिवारले गाँउपालिकाको विभिन्न स्थानमा उत्पादन गरेता पनि मान्यता दिईने । सबै स्थानको उत्पादनलाई जोड गर्दा मापदण्ड पुगेमा प्रोत्साहित गरिने ।
(च) कृषि उपजको मूल्याङ्कन अनुगमन गाँउपालिकाले तोकेको समयमा तोकेको समितिबाट हुनेछ ।
(छ) स्कुस, दाल कुनै एक सिजनमा मात्र उत्पादन भएको हुनु पर्ने ।
(ज) निरन्तर पुरस्कार पाउनको लागि सहभागीले कृषकले तोकिएको बालीमा प्रतिवर्ष थप १० प्रतिशतले उत्पादन वृद्धि गर्दै लैजानु पर्नेछ ।
(झ) बाँसमा प्रोत्साहन कार्यक्रम १ व्यक्तिलाई एक पटक मात्र उपलब्ध गराइने छ ।

७. पुरस्कार प्राप्त गर्न योग्य कृषक छनौटको प्रकृया :

पुरस्कार प्राप्त गर्न योग्य कृषक छनौटका लागि तपशीलका प्रकृयाहरु अवलम्बन गर्नु पर्नेछ ।

क) यस कार्यविधिको दफा ९.३ बमोजिम सम्बन्धित टोलका ५ जना व्यक्तिको मुचुल्का ।
ख) यस कार्यविधिको दफा ९.२ बमोजिम सम्बन्धित वडास्तरीय अनुगमनको सिफारिस ।
ग) यस कार्यविधिको दफा ९.१ बमोजिम गाउँपालिका स्तरीय अनुगमन समिति/प्राविधिक समितिको अनुगमन प्रतिवेदन

८. बजेट निकासा तथा खर्च प्रकृया :

क) माङसेबुङ गाउँपालिकाको गाँउसभाको निर्णय अनुसार बजेटको व्यवस्था गरिने छ ।
ख) पुरस्कार प्राप्त गर्न योग्य कृषकहरुलाई पाउने रकम सिधै उनीहरुको बैंक खातामा रकम उपलब्ध गराईने छ ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

९. अनुगमन तथा मूल्याङ्कनः

९.१: यस माङ्सेबुङ् गाउँपालिकाभित्रका पुरस्कृत हुने कृषकहरु मापदण्ड अन्तर्गत भए नभएको अनुगमन गाउँपालिकास्तरीय अनुगमन समिति वा प्राविधिक समितिले गर्नेछ ।

प्राविधिक समिति यसप्रकार रहनेछः

| | |
|---|---|
| १) आर्थिक विकास समितिका संयोजक | : संयोजक |
| २) प्रमुख प्रशासकीय अधिकृत तथा निजले तोकेको व्यक्ति | : सदस्य |
| ३) लेखा प्रमुख वा लेखा फाँटको कर्मचारी | : सदस्य |
| ४) कृषि /पशु सेवा शाखा प्रमुख/प्रतिनिधि | : सदस्य |
| ५) सम्बन्धित शाखाको शाखा प्रमुख | : सदस्य सचिव |

९.२ : यस माङ्सेबुङ गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत ६ वटै वडामा मापदण्ड अनुसार उत्पादन गर्ने कृषक छनौटका लागि प्रत्येक वडामा तपशील बमोजिमको वडास्तरीय अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| वडा अध्यक्ष | : अध्यक्ष |
| वडा सदस्यहरु | : सदस्य |
| वडा सचिव | : सदस्य सचिव |

९.३ : कृषकहरुको छनौटका लागि गाउँ वा टोल स्तरमा सो मापदण्ड पूरा भए नभएको यकिन गर्नका लागि ५ सदस्यीय टोलका व्यक्तिहरुको मुचुल्का तयार गर्ने समिति रहनेछ ।

१० कार्यक्रम सञ्चालन प्रकृया, प्राविधिक मूल्याङकन जाँचपास र फरफराक

१. यस कार्यविधि बमोजिम लाभग्राहीका रुपमा छनौट हुन चाहने किसानहरुले कार्यालयले निवेदन माग गरेबमोजिमको निवेदन पेश गर्नुपर्ने छ ।

२. उपदफा १ बमोजिम निवेदन प्राप्त भईसकेपछि प्राविधिक समिति/अनुगमन समितिले स्थलगत अनुगमन गरी कृषकले प्राप्त गर्ने रकम स्पष्ट खुल्ने गरी अनुसूची ३ बमोजिमको अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ । दूधको उत्पादन लाभग्राहीको हकमा भने बिक्री गरिएको दैनिक लग बुक पेश गर्नुपर्दछ ।

३. प्राविधिक समितको प्रतिवेदनको आधारमा लाभग्राहीले पाउने रकम सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत भुक्तान गरिने छ । दूधको लाभग्राहीको हकमा निवेदन साथ पेश भएको लगबुक बिक्री गरिएको संस्थामा भएको विवरणसँग तुलना गरी प्राविधिक प्रतिवेदनलाई समेत आधार मानी रकम उपलब्ध गराइनेछ ।

४. दूध खरिद गर्ने डेरी/ संस्था अनिवार्य गाँउपालिकामा दर्ता वा सूचीकृत भएको हुनुपर्ने छ ।

५. भुक्तानीको लागि यस कार्यविधिमा उलेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

११. कसुर गरेको ठहरिने :

.११.१: पुरस्कार प्राप्त गर्ने प्रक्रियामा कृषकहरुले निम्न अनुसारको कार्य गरेमा कसुर गरेको टहर गरिने छ।

क) छुट्टिसकेको विवाहित छोरा वा छोरी (अंशबण्डा भइसकेको) हरुलाई एक सगोलको परिवार भनी झुटा विवरण पेश गरेको ठहर भएमा।

ख) अन्य व्यक्तिहरुको उत्पादनलाई आफ्नो (खरिद गरी) दाबी गरी पुरस्कार रकम दाबी गरेमा।

ग) कार्यविधिमा उल्लिखित मापदण्ड पुर्याउन नाता गोता छरछिमेकको उत्पादन सगोल गरी पुरस्कार दाबी गरेमा।

घ) मापदण्ड विपरित प्रलोभनमा परी कुनै व्यक्ति वा संस्थालाई प्रोत्सानको लागि सिफारिस गरे वा गराएमा।

१२.दण्ड तथा सजाय :

१२.१ दफा ११ बमोजिम कसुर ठहर गरेको प्रमाणित भएमा निजहरुलाई निम्न अनुसार सजाय गरिने छ।

क) दफा ११.१ (क) बमोजिमको कसुर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

ख )११.१(ख) बमोजिमको कसुर ठहर भएमा रु. ५०००० जरिमाना गरिने छ।

ग) दफा ११.१(ग) बमोजिमको कसुर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

घ) दफा ११.१(घ) बमोजिमको कसुर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

ङ) उपदफा १२.१ मा जुनसुकै कुरा लेखिएतापनि कसुरदार व्यक्तिबाट पुरस्कार तथा प्रोत्साहन बापत बुझिलिएको रकम नगद वा जिन्सी असुल उपर गरी तोकिएको सजाय गरिने छ। यस सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको बैठकले गर्ने छ।

१३. दोहोरोपन हुन नहुनेः

१. सोही कार्यक्रम विस्तारको लागि गाउँपालिका वा अन्य कुनै सरकारी निकायबाट अनुदान प्राप्त लाभग्राहीलाई यो कार्यक्रममा समावेश गरिने छैन।

२. नेपाल सरकारबाट सामाजिक सुरक्षाबाहेक अन्य सुविधा उपभोग गरिरहेका लाभग्राहीलाई पनि यो कार्यक्रममा समावेश गरिने छैन।

३. दूध बाहेक अन्य कार्यक्रममा समावेश भइरहेका लाभग्राहीलाई पुन सोही कार्यक्रममा समावेश गरिने छैन।

१४. कार्यविधिको संशोधन :

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक परेमा गाउँ कार्यपालिकाको बैठकले आवश्यक संशोधन गर्ने छ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

१५. बचाउ र खारेजी :

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको प्रचलित कानुनसँग बाझिएको खण्डमा स्वत खारेज हुनेछ ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची १

## आवेदन ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
माङसेबुङ गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, ईलाम ।

विषयः प्रोत्साहन कार्यक्रममा सहभागी गराईदिनुन हुन ।

महोदय,

प्रस्तुत विषयमा माङसेबुङ गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट आ. व. २०७९-८० मा वितरण गरिने कृषिमा आत्मनिर्भर अनुदान प्रोत्साहन कार्यक्रम अन्तर्गत.............................. कार्यविधिमा तोके बमोजिम मैले ………………………. उत्पादन गरिरहेको हुनाले सो कार्यक्रममा समावेश गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

निवेदक :
नाम :
ठेगाना :
सम्पर्क न :

अनुसूची-२

## अनुगमन प्रतिवेदन

कृषकको नाम
ठेगाना

मिति

| क्र.स. | विवरण | उत्पादन | कैफियत |
|---|---|---|---|
| १ | दूध (दैनिक) | | |
| २ | दाल | | |
| ३ | स्कुस | | |
| ४ | मालबाँस | | |

जम्मा उत्पादन अनुसार भुक्तानी दिनु पर्ने रकम रु. ....................

अनुगमन/प्राविधिक समितिका पदाधिकारी

नाम हस्ताक्षर

१

२

३

४

६